आज मिति २०८२ साल साउन ११ गते आइतवारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ६०औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४ | [illegible] | मण्डनदेउपुर न.पा. | केशव ब. [illegible] | | |
| | | | | | |

## २०८२/०४/११ गतेको नगर कार्यपालिकाको ६०^औं बैठकको एजेन्डाहरू

१. मिति २०८२/०३/२४ गते बसेको कार्यपालिकाको ५९^औं बैठकको निर्णय समीक्षा सम्वन्धमा।
२. पशुपन्छी सेवा शाखाबाट ए.आई. सेवाका लागी जनशक्ति व्यवस्थापन तथा पशु प्राविधिक व्यवस्थापन सम्बन्धमा ।
३. आधारभुत अस्पतालमा कर्मचारी व्यवस्थापन सम्वन्धमा ।
४. मण्डनदेउपुर नगरपालिकाको हेभी मेसिन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।
५. अमानतबाट कर संकलनमा खटिएका कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।
६. विविध

**निर्णयहरु**

**निर्णय नं.१**

मिति २०८२/०३/२४ गतेको कार्यपालिंकाको ५९^औं बैठकको निर्णय समिक्षा गरियो।

**निर्णय नं.२**

पशुपन्छि सेवा शाखाबाट प्रदान भईरहेको ए.आई. सेवाको शुल्क भैसीको लागी रु.४०० र गाईको लागी रु.३०० का दरले सबै वडाहरुमा लागु गर्ने निर्णय गरियो ।पशुपन्छि सेवा शाखामा रिक्त रहको भेटेरीनरी डाक्टर पदको लागी विज्ञापन गर्ने निर्णय गरियो ।साथै एक वडा एक पशु प्राविधिकका लागी ३ जना पशु प्राविधिकलाई दैनिक ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

मण्डनदेउपुर आधारभुत अस्पतालमा स्वास्थ्य बिमा समेत लागु गर्न नगरसभाबाट स्वीकृत दरबन्दी अनुसार तपसिल वमोजिमको कर्मचारीहरु दैनिक ज्यालादारीमा नियुक्त गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | रेडियोग्राफर | २ | |
| २ | हेल्थ असिस्टेन्ट | २ | |
| ३ | फार्मसिस्ट सहायक | २ | |
| ४ | स्टाफ नर्स | २ | |
| ५ | का.स. | १ | |
| ६ | ह.स.चा. | १ | |

साथै स्वास्थ्य चौकीका लागी ३ जना अनमी र ३ जना का.स. दैनिक ज्यालादारीमा नियक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.४
मण्डनदेउपुर नगरपालिकाको हेभी मेसिन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ संशोधनका लागी तपसिल बमोजिमको समिति गठन गरी जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. वडा नं.१२ वडा अध्यक्ष | राज कुमार पराजुली | -संयोजक |
| २. वडा नं.८ वडा अध्यक्ष | निरञ्जन बिष्ट | -सदस्य |
| ३. वडा नं.४ वडा अध्यक्ष | मैते सिं तामाङ | -सदस्य |
| ४. इन्जिनियर | सुदर्शन कुमार शाह | -सदस्य |

निर्णय नं.५
अमानतबाट कर संकलनमा खटिएका कर्मचारीहरुलाई प्रति दिन रु.७५०/- का दरले थप सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ विविध
१. शिक्षा नियमावली, २०७४ संशोधन नियमावली, २०८२ मा शिक्षा शाखा मार्फत प्रक्रिया पुर्याई नगरपालिकाको सहमतीमा जिल्ला भित्र कार्यरत शिक्षकलाई सरुवा सहमती दिने व्यवस्था थप गरी सर्वसम्मतीले पारित गरियो ।

२. सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनको लागी मण्डनदेउपुर आधारभुत अस्पताललाई सूचीकृत गर्ने निर्णय गरियो ।

३. मण्डन उपत्यका सामाजिक उत्थान संस्थाको भवन नगरपालिकाले उपयोग गर्ने गरी भवन उपलब्ध गराउन उक्त संस्थालाई पत्राचार गर्ने र भवनमा कोठा व्यवस्थापन, प्लाष्टर, रङ्ग रोगन, घेरबार, वाइरिङ तथा प्लम्बिङको कार्य प्राविधिक इस्टिमेट बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. मण्डनदेउपुर नगरपालिका वडा नं.९ मा रहेको श्री सक्षम सप्लायर्स प्रा.लि.लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ तथा संशोधन २०७९ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

५. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ संशोधन कार्यविधि, २०८२ मा "घ" वर्गको निर्माण व्यवसायीको नामसारी सम्बन्धि व्यवस्था थप गरी सर्वसम्मतीले पारित गरियो ।

६. मण्डनदेउपुर नगरपालिका वडा नं. ५ निवासी चिरी तामाङलाई क्यान्सर भई उपचार भइरहेकोले निजको उपचारको लागि रु.२५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो । वडा नं. ४ निवासी खिल वहादुर तामाङलाई क्यान्सर भई उपचार भइरहेकोले उपचारको लागि रु.२५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो । वडा नं. ३ निवासी इमान सिं तामाङलाई क्यान्सर भई उपचार भइरहेकोले उपचारको लागि रु.२५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो । वडा नं. ६ निवासी भोलानाथ

ढकाललाई क्यान्सर भई उपचार भइरहेकोले उपचारको लागि रु.२५,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो । वडा नं. ८ निवासी धुर्व बहादुर ढुङ्गानाको छोरा सुशान्त ढुङ्गानालाई क्यान्सर भई उपचार भइरहेकोले मिति २०८२/०२/२६ गतेको कार्यपालिका बैठकको निर्णय नं. १३ विविध (च) मा उपचारको लागि रु.१५,०००/- आर्थिक सहयोग गर्ने निर्णय भएकोमा निजको उपचारको लागि थप रु.१०,०००/- उपलब्ध गराउने निर्णय गरियो । साथै सूचिकृत ८ रोगहरुको लागी मात्र उपचारका लागी आर्थिक सहयोग स्वरुप रु.२५,०००/- उपलब्ध हुने भएकोले सूचिकृत रोगहरु बाहेकको सिफारिस नगर्न हुन वडा कार्यालयहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

७. मण्डनदेउपुर नगरपालिका वडा नं.७ गेरुवामा देव नारायण पौडेलको गोठमा मिति २०८०/०४/०८ गते राती करेन्ट सट भई आगलागी भई सर्जमिन मुचुल्कामा चौपाया गाई- २ वटा र बाच्छो-१ वटा र गोठ पूर्ण रुपले नष्ट भएको उल्लेख भएकोमा १ गाईको विमा भएकोले निजलाई प्रति चौपाया रु.१०,०००/- का दरले २ चौपायाको राहत क्षतिपुर्ति वापत रु.२०,०००/- उपलब्ध गराउने निर्णय गरियो।

८. मण्डनदेउपुर नगरपालिकाको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो